नेपाल सरकार

**प्रदेश प्रमुख**
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

## पैगम्बर मुहम्मद (१५०० औं जन्म जयन्ती)को शुभकामना !!!

इस्लामिक हिजरी १४४७ १२-रवि-उल-औव्वल का दिन पर्ने इस्लाम धर्मका पैगम्बर (Prophet) मुहम्मद सल्लाहु अलैहे वसल्लमको १५०० औं जन्म जयन्तीको सुखद् उपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका सम्पूर्णमा सुख, शान्ति, सु-स्वास्थ्य र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

पैगम्बर मुहम्मदले दिनु भएका सन्देशबाट नेपाली समुदाय तथा विश्व भरिमा आपसी भाइचारा सौहार्द्रपूर्ण सम्बन्ध विकसित गरी सबै किसिमका मतभेदहरुलाई आपसी समन्वयबाट निराकरण गर्दै देशलाई समृद्धितर्फ लैजानको लागि हौसला र सकारात्मक उर्जा हामी सबैमा आउने अपेक्षा लिएको छु ।

बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक विविधतायूक्त हाम्रो समाजमा मनाइने यस प्रकारका चाडपर्वहरुको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो ।

मुहम्मद जयन्ती (डे) हाम्रो धार्मिक साँस्कृतिक चाड हो । यसले हामीविच सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने विश्वास लिएको छु ।

*सम्वत् २०८२ भदौ २० गते (शुक्रवार)*

(मा.सुमित्रा सुवेदी भण्डारी)
प्रदेश प्रमुख